# ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## प्रशासन शाखा

प.सः- २०८१/०८२
च.नः-

ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल


ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय ऐसेलुखर्क, खोटाङ कोशी प्रदेश, नेपाल

## यातायात संचालन तथा ब्यबस्थापन सम्बन्धी अत्यन्त जरुरी सूचना।

(सूचना प्रकाशित मिति :- २०८१/०४/२३)

प्रस्तुत विषयमा ऐसेलुखर्क गाउँपालिका क्षेत्रभित्र मालबाहक तथा भाडाका सवारी साधनहरु संचालन सम्बन्धमा मिति २०८०/०५/१८ गते बसेको यातायात व्यावसायी, व्यापारी लगायत सरोकारवालाहरुको आमभेला र मिति २०८१/०४/२२ गते बसेको गाउँ कार्यपालिकाको बैठकले तपसिल बमोजिमको निर्णय गरेको हुनाले सोही बमोजिम गर्न गराउन हुन सबै सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. आइतबार देखि शुक्रबार सम्म बिहान ९:०० बजे देखि १०:०० बजे सम्म र दिउसो ३:३० देखि ४:३० सम्म एम्बुलेन्स, बिरामी बोकेको गाडी र सरकारी गाडी बाहेक सबै प्रकारका चार पाङ्ग्रे सवारी साधनहरु बजार क्षेत्रमा संचालन नगर्ने यदि कसैले संचालन गरेमा प्रथम पटक रु. १०००/- (एक हजार), दोश्रो पटक रु. ३०००/- (तीन हजार) र तेश्रो पटक देखि रु. ५०००/- (पाँच हजार) का दरले जरिवाना गरिनेछ।

२. ऐसेलुखर्क बजार क्षेत्रमा सबै प्रकारका दुई पाङ्ग्रे तथा चार पाङ्ग्रे सवारी साधनहरु सडक अवरुद्ध हुनेगरी पार्किङ्ग गर्न पाईने छैन यदि सडक अवरुद्ध हुनेगरी पार्किङ्ग गरेको पाइएमा ईलाका प्रहरी कार्यालय ऐसेलुखर्कको सहयोगमा सवारी साधन उठाई नियमानुसार कारबाही गरिनेछ।

३. शनिबारको दिन बुलेरो, सुमो बाहेकका ठूला मालवाहक सवारी साधन बजार क्षेत्रमा प्रवेश तथा संचालन नगर्ने यदि गरेको पाइएमा बुँदा नं. १ बमोजिम नै जरिवाना गरिनेछ।

२०८१/०४/२३

रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत


☎ ०३६-४११११०३ ☎ ०३६-४१११०४ ☎ अध्यक्ष ९८५२८४९६८५ ☎ उपाध्यक्ष ९८५२८४९६८६
☎ प्रमुख प्रशासकीय अधिकृत ९८५२८४९७१३ ☎ आर्थिक प्रशासन शाखा ९८५२८४९०९२ ☎ सूचना अधिकारी ९८५२८४९०९३
**E-mail :**info@aiselukharkamun.gov.np
**Website:**www.aiselukharkamun.gov.np